# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९/३/२३ गते बिहिबार बसेको बैठकबाट देहाय बमोजिम हुने गरी ४ ओटा उजुरीहरु उपर निर्णय भयो ।

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | घटना मिति र उजूरी नं. | उजूरीको विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १. | खोटाङ जिल्ला, बराहपोखरी गा.पा. २ बस्ने शान्ता बञ्जरा घर नजिक घाँस दाउरा गर्न गएको अस्थामा सुनापातल रिपिटर टावर नजिक भूईंमा बिछ्याई राखिएको बम विष्फोटमा परेको र निजको बायाँ खुट्टा गुमेको । घटनामा परी निजको १ छोरी समेत सामान्य घाइते भएकोले निजको उपचारको लागि आर्थिक सहयोग, सम्बन्धित निकाय समक्ष आवस्यक सिफारिस समेत गरिपाउँ भनी निजको एकाघरको देवर नरमणी बञ्जराले दिएको निवेदन । | उजूरी नं. ३७ दर्ता: २०६५।१।३ | बम विष्फोटमा परी अपाङ्गता भएको । | बारुदी सुरुङ सम्बन्धमा अन्तर्राष्ट्रिय कानूनका प्रावधानहरु, अन्तर्राष्ट्रिय मानवीय कानून (जेनेभा महासन्धि, १९४९) का प्रावधानहरुको अध्ययन भएको नदेखिएको, निजका छोराछोरीहरुले यस अघि के कस्तो आधारमा छात्रवृत्ति प्राप्त गरिरहेका थिए र छात्रवृत्तिको निरन्तरता दिनुपर्ने आधार के हो भन्ने नखुलेको साथै नेपाली सेनासँग कुनै प्रतिक्रिया नलिएको देखिएकोले उल्लेखित कार्यहरु गरी पुन: पेश गर्ने । | |
| २. | कल्लेरी २ कल्लेरीटार, धादिङ्ग बस्ने सुन्दर कार्की लगायत ५।६ जना व्यक्तिहरु जंगलमा दाउरा खोज्न जाँदा मदानी आकारको वस्तु फेला पारी घरमा ल्याएर खोलेर हेर्न खोज्दा विष्फोट हुन पुगी ६ जना व्यक्तिहरुको मृत्यु भई निज तथा निजी वहिनी घाइते भएकोले नि:शुल्क उपचार तथा राहतको व्यवस्था गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी । | २०५६/१०/१५ ४२३१ | अपाङ्गको अधिकार | सोही घटनामा परि घाइते भएका अर्को व्यक्तिको पनि उजुरी फाइल रहेको देखिदा सो समेत संलग्न राखी पुन: पेश गर्ने । | |

का. मु. सचिव

# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


| | | | | | |
|---|---|---|---|---|---|
| ३. | कल्याणपुर ८ माडी, चितवन घर भएका पवन खड्का मिति २०६२/२/२३ गते बाँदरमुढेमा विद्युतिय धरापमा बस विष्फोटमा परि घाइते भएकोमा हालसम्म पनि उपचार खर्च नपाएको निःशुल्क उपचारको व्यवस्था गरी दोषीलाई कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी । | २०६२/२/२३ २४३ | घाइते | यस घटना सम्बन्धमा आयोगबाट मिति २०६२/३/३ गते निर्णय भईसकेको तथा सोही घटनामा परि घाइते भएका अर्का व्यक्तिको पनि उजुरी फाइल रहेको देखिदा सो घटनासँग सम्बन्धित सबै उजुरी फाइलहरु संलग्न राखी पुनः पेश गर्न । | |
| ४. | शिवालय ८ काभ्रेपलाञ्चोककी मैया चौलागाईलाई नगर प्रहरीले कुटपिट गरी घाइते बनाएको भन्ने समेत व्यहोराको उजुरी । | २०७५/४/७ ५६ | कुटपिट | प्रस्तुत उजुरी तामेलीमा राख्ने । | |
| ५. | निजगढ, बारा घर भई काठमाडौं भिमसेनगोलामा फलफुल व्यवसाय गरी बस्ने माला शाहलाई निजका श्रीमान भनिएका नेपाली सेनाका पूर्व सहायक रथी हेम खत्रीले निजसँग रहेको सुन तथा नगद लिई गई लामो समयसम्म सम्पर्क विहिन भएकोले निजको खोजतलाश गर्न जाने क्रममा निज माला शाह तथा निजसँग जाने महिला अधिकारकर्मीहरु माथि प्रहरीले बल प्रयोग गरेको घटना युट्युब लगायत विभिन्न सञ्चार माध्यमबाट प्रकाशित तथा प्रसारित भएको घटना सम्बन्धमा आयोगको स्वविवेक (Suo-moto) उजुरी । | २०७६/११/१५ १९६ | महिला अधिकार | प्रस्तुत उजुरी तामेलीमा राख्ने । | |

का.मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org